
के तपाईंको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०२९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ १९ गते शुक्रबार ❑ 2 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## दुई देशबीच उल्लेख्य उपलब्धि हासिल भएका छन् : प्रधानमन्त्री मोदी

रासस
काठमाडौं, १८ जेठ

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारत र नेपालबीच धार्मिक र सांस्कृतिक सम्बन्ध निकै पुरानो र घनिष्ठ रहेको बताउनुभएको छ।

भारतको औपचारिक भ्रमणमा रहनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँगको भेटवार्तापछि बिहीबार आयोजित संयुक्त पत्रकार सम्मेलनमा उहाँले भारत-नेपाल सम्बन्धलाई हिमाल जतिकै उचाइ प्रदान गर्नका लागि काम गरिरहने उल्लेख गर्नुभयो

"यही भावनाअनुसार सबै मुद्दा, चाहे सीमाका हुन्, या अन्य कुनै विषय सबै समाधान गर्छौं", उहाँले भन्नुभयो, "यो सुन्दर सम्बन्धलाई थप प्रगाढ बनाउन प्रधानमन्त्री दाहाल र मैले रामायण सर्किटसँग सम्बन्धित परियोजनालाई तीव्र गतिमा अगाडि बढाउन चाहेका छौं ।" नौ वर्षअघि सन् २०१४ मा आफूले भारतीय प्रधानमन्त्रीका रूपमा कार्यभार सम्हालेको तीन महिनाभित्र नेपालको पहिलो भ्रमण गरेको स्मरण गर्दै उहाँले नौ वर्षमा दुवै देशबीच अनेकौं क्षेत्रमा कयौं उपलब्धि हासिल भएको उल्लेख गर्नुभयो । "वीरगञ्जमा नेपालको पहिलो एकीकृत



जाँचचौकी (आइसिपी) बनेको छ, भारत-नेपालका बीचमा पहिलो अन्तरदेशीय पेट्रोलियम पाइपलाइन निर्माण भएको छ । 'ब्रोडगेज' रेललाइन स्थापित भएको छ, सीमा क्षेत्रमा नयाँ प्रसारण लाइन निर्माण भएको छ। नेपालबाट चार सय ५० मेगावाट बिजुली आयात गरिरहेका छौं", भारतीय प्रधानमन्त्री मोदीले भन्नुभयो।

उहाँले भारत-नेपाल 'पार्टनरसीप' लाई 'सुपरहिट' बनाउन दुवै देशका प्रधानमन्त्रीले महत्वपूर्ण निर्णय लिएको उल्लेख गर्नुभयो । "आज पार वहन सम्झौता सम्पन्न भएको छ । यसमा नेपालीका लागि नयाँ रेलमार्गका साथ भारतको जलमार्गको सुविधा प्राप्त हुनेछ । नयाँ रेल लिङ्क स्थापना गरेर भौतिकरूपमा सम्पर्क सञ्जाल जोडिएको छ", प्रधानमन्त्री मोदीले भन्नुभयो । भारतीय रेल संस्थानमा नेपालका रेलकर्मीलाई प्रशिक्षण प्रदान गर्ने निर्णय लिएको पनि उहाँले जानकारी दिनुभयो । उहाँले अन्तरदेशीय डिजिटल भुक्तानीसम्बन्धी सम्झौतासँगै हजारौँ विद्यार्थी, लाखौँ पर्यटक अथवा तीर्थयात्रीका साथ स्वास्थ्योपचारका लागि भारत आउने नेपालीले लाभ लिने उल्लेख गर्नुभयो । उहाँले थप तीनवटा एकीकृत जाँचचौकी निर्माणबाट आर्थिक कनेक्टिभिटी सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो । "पछिल्लो वर्ष हामीले ऊर्जा क्षेत्रमा सहयोगका लागि एक 'ल्याण्डमार्क भिजन' दस्तावेज बनाएका छौं । यसलाई अगाडि बढाएर नेपाल र भारतबीच दीर्घकालीन ऊर्जा व्यापार सम्झौता (लङटर्म पावर ट्रेड एग्रिमेन्ट) सम्पन्न भएको छ", उहाँले भन्नुभयो । यसअन्तर्गत आगामी १० वर्षमा नेपालबाट १० हजार मेगावाट विद्युत् आयात गर्ने लक्ष्य राखेको प्रधानमन्त्री मोदीले घोषणा गर्नुभयो। फुकोट कर्णाली र तल्लो अरुण जलविद्युत् परियोजना निर्माणको सम्झौताबाट विद्युत् क्षेत्रमा सहयोगका लागि बल मिलेको उहाँको भनाइ थियो। मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन परियोजनाले सकारात्मक प्रभाव परेको जनाउँदै उहाँले उक्त पेट्रोलियम पाइपलाइनलाई चितवनसम्म लैजान निर्णय गरिएको बताउनुभयो । "यसका अलावा सिलीगुडीबाट पूर्वी झापासम्म एक अर्को पेट्रोलियम पाइपलाइन बनाउन लागेका छौं", उहाँले भन्नुभयो, "यसका साथै चितवन र झापामा नयाँ भण्डारण ट्याङ्की निर्माण गर्न लागेका छौं ।" नेपालमा एक रासायनिक मल कारखाना स्थापना गर्न दुई देशबीच आपसी सहयोगका लागि सहमति भएको उहाँले जानकारी दिनुभयो।

## यथार्थपरक बजेट ल्याउन विज्ञको सुझाव

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ

गण्डकी प्रदेश सरकार आउँदो आर्थिक वर्ष २०८०/८१ का लागि बजेट ल्याउने तयारीमा जुटिरहेका बेला बजेटको अनुमान यथार्थपरक हुनुपर्नेमा विज्ञहरूले जोड दिनुभएको छ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानद्वारा पोखरामा आयोजित 'वित्तीय सङ्घीयता र अन्तरसरकार सम्बन्ध' विषयक संवाद कार्यक्रममा उहाँहरूले स्रोतमा आधारित रहेर वस्तुनिष्ठ बजेट बनाउनुपर्ने सुझाव दिनुभएको हो । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेलले बजेट बनाउँदा राजस्वको लक्ष्य यथार्थपरक र पूर्वानुमानयोग्य हुनुपर्ने बताउनुभयो । "तथ्यपरक अनुमान गर्न सकिएन भने बजेट बनाउनुको औचित्य छैन", उहाँले भन्नुभयो, "योजनाको चाप या राजनीतिक दबाब छ भन्दै राजस्वको अनुमान बढाएर बजेटको आकार बढाउन थालियो भने त्यसले विकृति निम्त्याउँछ।"

वास्तविक धरातलमा नटेकी ल्याइएको बजेट कार्यान्वयन हुन नसक्ने उहाँले उल्लेख गर्नुभयो । "बजेट भनेको अनुशासन पनि हो, यसको संवेदनशीलतालाई ख्याल गरौँ, तीनै तहका सरकार बीच समन्वय बढाऔँ", अध्यक्ष पौडेलले भन्नुभयो । सङ्घीय सरकारले प्रदेश सरकारलाई दिने समानीकरण अनुदान बढाउनुपर्ने उहाँले बताउनुभयो । बजेट र योजना तर्जुमामा प्रदेश सरकारलाई बढी अधिकार कार्यजिम्मेवारी दिने हो भने सशर्तर्तफको अनुदान पनि एकमुष्ट दिनुपर्ने अध्यक्ष पौडेलको सुझाव छ। "नीति र मापदण्ड तोकेर सशर्त अनुदानलाई एकमुष्ट दिने हो भने प्रदेशले आफ्ना प्राथमिकता तय गर्न सक्छ, यो विषयमा सङ्घ सरकारलाई सहमत गराउन आवश्यक छ", उहाँले भन्नुभयो, "अहिले समानीकरणतर्फको बजेट पनि घटेर आएको छ, राजस्व बाँडफाँट पैसा पनि भनेजति आएको छैन, बजेट निर्माणमा प्रदेशलाई दबाब छ ।" सङ्घीयताका विज्ञ यमनाथ शर्माले नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा प्रदेशले स्थानीय तहसँग समन्वय गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले क्षेत्रगत नीति तय गरेर त्यसमै आधारित कार्यक्रम र बजेट ल्याउन प्रदेश सरकारलाई सुझाव दिनुभयो । "नतिजामा ध्यान दिऔँ, काममा दोहोरोपना हटाऔँ", उहाँले भन्नुभयो । शर्माले स्थानीय तहलाई सेवा प्रवाह र प्रदेश सरकारलाई आर्थिक तथा पूर्वाधार विकास गर्ने शासकीय एकाइका रूपमा विकास गर्नुपर्ने उल्लेख गर्नुभयो । प्रदेश सरकारले पुँजी र प्रविधि सघन र स्थानीय तहले श्रम सघन कार्यक्रम तथा योजनामा जोड दिनुपर्ने उहाँले बताउनुभयो।

## पूर्वउपप्रधानमन्त्री रायमाझीसहित तीनको बयान सकियो

रासस
काठमाडौं, १८ जेठ

नक्कली भुटानी शरणार्थी प्रकरणका आरोपित पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीसहित तीन जनाको बयान बिहीबार सकिएको छ।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासमा पूर्वउपप्रधानमन्त्री रायमाझी, आङटावा शेर्पा र समशेर मियाँले बयान लिइएको हो । नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेकामध्ये अब तीन जनाले मात्रै बयान दिन बाँकी रहेको जनाइएको छ।

पूर्वगृहमन्त्री बालकृष्ण खाण, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल र बिहीबार काठमाडौँ जिल्ला अदालतमा हाजिर भएका हरिभक्त महर्जनको बयान लिन बाँकी रहेको छ । उहाँहरूको बयान शुक्रबार लिइने भएको छ । नक्कली शरणार्थी प्रकरणमा प्रतिवादीको बयान यही जेठ १२ गतेदेखि काठमाडौँ जिल्ला अदालतमा लिन थालिएको हो।

उक्त प्रकरणका आरोपितमध्ये बिहीबारसम्म १५ प्रतिवादीले बयान दिइसकेका छन् । उक्त प्रकरणका आरोपितमध्ये १७ पक्राउ परेका छन् भने १३ अझै फरार रहेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख दानबहादुर कार्कीले जानकारी दिनुभयो।

## खुला हृदयका साथ नेपालमा लगानी गर्न आउनुस्, सरकारले सबै प्रकारको सहयोग गर्छ : प्रधानमन्त्री दाहाल

रासस
काठमाडौं, १८ जेठ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालमा खुला हृदयका साथ लगानी गर्न भारतका उद्योगी तथा व्यवसायीलाई आग्रह गर्नुभएको छ। बिहीबार साँझ नेपाल उद्योग वाणिज्य महासङ्घ र भारतीय उद्योग परिसङ्घले आयोजना गरेको विजनेश समिटलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले नेपालमा लगानीका लागि आउन भारतीय व्यवसायीलाई आग्रह गर्नुभयो।

सरकारले नीतिगत कानुनी तथा अन्य धेरै विषयमा सहजीकरण गरेको र लगानीमैत्री वातावरण बनाएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सरकार र निजी क्षेत्रको साझा प्रयासबाट अगाडि बढ्न वर्तमान सरकार तयार रहेको बताउनुभयो । उहाँले सरकारले लगानीकर्ताको हितका लागि एकल विन्दु सेवा केन्द्र, लगानीमैत्री कानुन तथा विशेष आर्थिक क्षेत्र निर्माण गरेर धेरैभन्दा धेरै सहजीकरण गरेको उल्लेख गर्नुभयो। निजी क्षेत्रलाई बलियो र शक्तिशाली सहयोगीका रुपमा सरकारले चिन्तन गर्दैसँगै साथमा लिएर जाने प्रतिबद्धता गरेको तथा सोहीअनुसारको वातावरणसमेत बनाएको स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले भारतीय कम्पनीले नेपालमा गरेको लगानीले दिएको प्रतिफलको बारेमा जानकारी गराउनुभयो । नेपालको ऊर्जा, भौतिक पूर्वाधार, उत्पादनमूलक क्षेत्रमा लगानीका लागि आग्रह गर्दै उहाँले नेपालमा लगानीकर्ता




प्रतिफल ल्याउन कुनै समस्या नपर्ने, भाषाको समस्या नरहेको र समान सांस्कृतिक एवं जनस्तरको सम्बन्धले थप सहज बनाउने बताउनुभयो। भारतीय कम्पनीको लगानी रहेको नौ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजना सफलरुपमा अन्तिम चरणमा पुग्न लागेको जानकारी दिँदै प्रधानमन्त्री दाहालले पश्चिम सेती, सेती नदी (एसआर ६), तल्लो अरुणलगायतका आयोजनाले दुवै देशको अधिकतम हित गर्ने बताउनुभयो।

उहाँले बिहीबार बिहान आफ्ना भारतीय समकक्षीसँग नेपालको बृहत्तर हितका विषयमा महत्वपूर्ण छलफल भएको र त्यसले सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याएको उल्लेख गर्नुभयो । समग्र विषयमा खुला हृदयका साथ छलफल भएको र त्यसबाट दुई देशबीच रहेका साझा विषयमा समाधान धारणा बनेको प्रधानमन्त्री प्रचण्डको भनाइ थियो । नेपाल र भारतबीचको सम्बन्ध कोही कसैसँग तुलना नै हुन नसक्ने स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले आर्थिक विकास र नेपालको समुन्नतिका लागि आफूहरु मिलेर अगाडि बढ्नुपर्ने बताउनुभयो । कार्यक्रमलाई सम्बोधन गर्दै भारतका सङ्घीयमन्त्री पियुष गोयलले नेपाल र भारतबीचको सम्बन्ध अद्वितीय रहेको बताउनुभयो । सीमा, भूराजनीतिले दुई देशबीचको सम्बन्धलाई विभक्त गर्न नसक्ने उल्लेख गर्दै उहाँले आफूहरु एकै परिवारका सदस्यका रुपमा रहेको बताउनुभयो। उहाँले भारतीय प्रधानमन्त्रीले अगाडि सार्नुभएको छिमेक पहिले नीतिका साथ नेपाल र भारतबीच साझा दृष्टिकोणका साथसाथै समृद्धिको यात्रामा अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो। भारतका लागि नेपालका राजदूत शङ्करप्रसाद शर्माले व्यापार र वाणिज्यका लागि आज भएको सहमति आफैँमा महत्वपूर्ण भएको बताउनुभयो । उहाँले नेपाल सरकारले वैदेशिक लगानीका लागि अधिकतम सहज वातावरण बनाएकाले नेपालमा लगानीका लागि भारतीय उद्योगी व्यवसायीलाई आग्रह गर्नुभयो । लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले अरुण तेस्रोजस्तो ठूलो आयोजनाको सफल कार्यान्वयनले नै नेपाल लगानीका लागि सहज गन्तव्य रहेको स्पष्ट रहेको बताउनुभयो । उहाँले नेपालको ऊर्जा, भौतिक पूर्वाधारलगायतका क्षेत्रमा लगानीका लागि भारतीय व्यवसायीलाई आग्रह गर्दै लगानी बोर्डमार्फत आवश्यक सहजीकरण गर्ने विश्वास दिलाउनुभयो।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा लगानी गरिरहेका भारतीय कम्पनीको सफल उदाहरण पेश गर्दै नेपाल र भारतका उद्योगी व्यवसायीको साझा सहकार्यका लागि आग्रह गर्नुभयो । उहाँले नेपालमा लगानी गरिरहेका डाबर, एभरेष्ट बैंक, एसबीआई बैंक, युनिलिभर लगायतका संस्थाले कमाएको नाफा सहजरुपमा भारतमा ल्याउन पाएको र नेपालमा समेत उत्कृष्ट सेवा प्रदान गरेर ठूलो करदाताका रुपमा समेत रहेको भन्दै अध्यक्ष ढकालले सम्पर्क सञ्जालको विस्तार तथा वर्तमान सरकारले लिएको नीतिका कारण पनि लगानीको थप वातावरण बनेको बताउनुभयो।

भारतीय उद्योग परिसङ्घका सभापति आर दिनेशले नेपाल र भारतका उद्योगी व्यवसायीबीच साझा दृष्टिकोण निर्माण गरेर अगाडि बढ्ने उद्देश्यका साथ आज महत्वपूर्ण छलफलको आयोजना गर्न पाउँदा खुसी लागेको बताउनुभयो। कार्यक्रममा नेपाल र भारतका उद्योगी व्यवसायीको सहभागिता थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकी प्रदेशस्तरिय परम्परागत तारा खेलको उपाधि बागलुङलाई

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ

दोश्रो गण्डकी प्रदेश स्तरिय परम्परागत तारा खेलको उपाधि बागलुङले जितेको छ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजनामा मुस्ताङ थासाङ-३ लेतेमा बिहिबार सम्पन्न प्रतियोगितामा बागलुङले म्याग्दीलाई २ अंकले पछि पार्दै उपाधि जितेको हो। उपाधि संगै बागलुङले नगद ७५ हजार र शिल्ड प्राप्त गर्न सफल भएको छ। निकै प्रतिष्पर्धात्मक बनेको प्रतियोगितामा बागलुङले कुल ८३ अंक प्राप्त गर्दै उपाधि जित्दा म्याग्दी जिल्ला २ अंकले पछि पर्दै ८१ अंकका साथ उपविजेता बनेको छ। उपविजेता भएको म्याग्दीले नगद ५० हजार हात पार्न सफल भयो। त्यस्तै प्रतियोगितामा मुस्ताङको 'ए' टिम भने तेश्रो भएको छ। मुस्ताङले कुल ७८ अंक प्राप्त गर्न सफल भयो। कास्की ७७ अंकका साथ चौथो भएको छ। तेश्रो भएको मुस्ताङले ३० हजार नगदका साथमा कप मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ। प्रतियोगितामा



म्याग्दीको टिका बहादुर शेरपुञ्जा मगर सर्वश्रेष्ठ धर्नुधर भएका छन्। उनले व्यक्तिगत २० अंक प्राप्त गरेका थिए। त्यसैगरी प्रतियोगितामा विशिष्ट धर्नुधर को उपाधि बागलुङका सुनिल बुढा मगरले प्राप्त गर्न सफल भए। उनले २ खोल हानेका थिए। सर्वश्रेष्ठ भएका प्रतियोगितामा कुल ५ जना खेलाडीले 'खोल' हानेका थिए। सर्वश्रेष्ठ धर्नुधर भएका टिकाले नगद रु ५ हजार र विशिष्ट धर्नुधर घोषित सुनिलले नगद रु ३ हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त हात पारे। प्रतियोगितामा कास्की, बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङका दुई टिम गरी ६ टिमका ३६ जना खेलाडीहरुको सहभागिता रहेको थियो। प्रतियोगिता थासाङ गाउँपालिका ३ लेतेस्थित गाउँसमाज भवनमा सम्पन्न भएको थियो। स्थानिय रुपमा निर्मल स्पोर्टिङ क्लवले प्रतियोगिताको सह-व्यवस्थापन गरेको थियो भने आमा सुमह लगायत स्थानिय व्यवसायी लगायतले सहयोग गरेका थिए।

प्रतियोगितामा विजेता टिम तथा खेलाडीहरुलाई थासाङ ३ का वडा अध्यक्ष हरिप्रसाद गौचन, लेते गाउँ मुखिया रविन्द्र तुलाचन, निर्मल स्पोर्टिङ क्लवका महेन्द्र गौचनलगायतले नगद, शिल्ड, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए। प्रदेख खेलकुद परिषद गण्डकीले गत वर्षबाट गण्डकी प्रदेशमा खेलिने विशेष परम्परागत खेलको संरक्षण र सम्वर्द्धनका लागि प्रतियोगिता आयोजना गर्दै आइरहेको छ। गण्डकी प्रदेशका हिमाली जिल्लामा खेलिदैं आएको तारा खेल विशेष पर्वहरुमा आयोजना हुने गर्दछ। बाँसको विशेष प्रकार को धनुष काँण (आर्चरी) सहित परम्परागत भेष-भुषा र संस्कृतिमा आधारित तारा खेलको आफ्नै विशेष महत्व रहेको बताउँछन् प्रदेश खेलकुदका सदस्य योगेन्द्र शेरचन। उनले भने-"परिषदले नितिगत रुपमा नै यस्ता खेलहरुको संरक्षण र सम्वर्द्धनका लागि अघि बढेको छ। यो खेलको प्रचार-प्रसार गर्दै अन्तर्राष्ट्रियस्तर को प्रतियोगिता आयोजना गर्न सके यसको महत्व अझै बढ्न सक्छ। गण्डकीमा यो खेलको क्रमिक रुपले अघि बढ्दैछ।" यसै गरी परिषदकै आयोजनामा २० गते म्याग्दीको बेनीमा परम्पर ागत ठेलो खेल हुने भएको छ। प्रतियोगितामा लमजुङ, पर्वत, बागलुङ र म्याग्दी जिल्लाको सहभागिता हुने भएको छ।

# तीन दिने खेल पत्रकारिता तालिम जारी

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ

पोखरामा नेपाल खेलकुद पत्रकार मञ्चको आयोजनामा सञ्चालन भइरहेको खेल पत्रकारिता सम्बन्धी तालिम जारी रहेको छ।

बुधबारबाट सुरु भएको तालिमको दोश्रो दिन क्रिकेट र टेनिस खेलबारेका दुई सत्रमा कक्षा सञ्चालन भएका छन्। विहान ८ बजेबाट पोखरा ट्रेडमलस्थित क्लासिक चूल्होमा जारी तालिममा बिहीबार आइसिसिका एम्पायर दुर्गा नाथ सुवेदी देवेन्द्र र टेनिस प्रतियोगिताका निर्देशक र ाजन पौडेलले सहजीकरण गरेको मञ्चका उपाध्यक्ष एवं कार्यक्रम संयोजक सुरज श्रेष्ठले जानकारी दिए। नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष समेत रहेका सुवेदीले क्रिकेटका 'टेक्निकल टर्मिनोलोजि' तथा खेल पत्रकारि ता गर्दा अपनाउनुपर्ने सावधानीका बारेमा अवगत गराएका थिए। यस्तै टेनिसका भेट्रान खेलाडी समेत रहेका पौडेलले टेनिस



खेलसँग सम्बिन्धत विषयमा सहजीकरण गरेका थिए। शुक्रबारसम्म सञ्चालन हुने तालिममा भोलि एनए कोर्ष गरेका फुटबल रेफ्री सन्तोष गुरुङ र सुशिल केसीले फुटबल खेलका बारेमा प्रशिक्षण गराउने कार्यक्रम रहेको संयोजक श्रेष्ठले जानकारी दिए। गुरुङ नेपाल फुटबल रेफ्री संघका सदस्य तथा केसी कास्की जिल्ला रेफ्री संघका अध्यक्ष हुन्। प्रदेश खेलकुद परिषद गण्डकी विशेष सहयोग र पोखरा महानगरपालिकाको सहयोगमा गण्डकी प्रदेशका खेल पत्रकार लाई लक्षित गरेर बुधबारबाट आयोजना गरिएको तालिममा मञ्चमा आवद्ध सदस्यको अलावा गण्डकी प्रदेशमा रहेर खेलकुदको बिटमा चलाउने ८० बढी पत्रकारहरुको सहभागिता रहेको मञ्चका अध्यक्ष दीननाथ बरालले जानकारी दिए। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्था हो। यो २०५७ सालमा खेलकुद पत्रकार मञ्च कास्कीका रुपमा स्थापना भएको थियो। हाल ७४ जना पत्रकार मञ्चमा आवद्ध छन्।

# अन्नपूर्ण सेन्चुरी महोत्सवमा भलिबल र बास्केटबलतर्फ क्वाटरफाइनलको खेल जारी

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ

कास्कीको अन्नपूर्ण गाउँपालिका १०-११ घान्द्रुकमा अन्नपूर्ण आरोहण दिवसको अवसर मा आयोजित तेस्रो अन्नपूर्ण म्यार ाथन तथा सेन्चुरी पर्यटन महोत्सवमा गाउँस्तरीय पुरुष भलिबल र खुल्ला बास्केटबल प्रतियोगिता सञ्चालन भइरहेको छ।

गाउँस्तरीय पुरुष भलिबल प्रतियोगितामा घान्द्रुक रातो र उरी बीच भएको खेलमा उरी विजयी भएको छ। उरीले घान्द्रुक रातोलाई २५-२० र २५-२२ ले पराजित गरेको छ। दोस्रो खेलमा किम्चे रातोले किम्चे निलोलाई सोझो सेटमा पराजित गरेको। किम्चे र ातोले किम्चे निलोलाई २५-१८ र २५-२३ ले पराजित गरेको हो। तेस्रो खेलमा क्ल्युले घान्द्रुक निलोलाई सोझो सेटमा नै पराजित गरेको छ। क्ल्युले पहिलो सेट २५- र २५-१६ ले घान्द्रुक निलोलाई पर ाजित गरेको हो। चौथो खेलमा बाबियोडाँडाले भुका गाउँलाई सोझो सेटमा पराजित गरेको छ।

बाबियोडाँडाले भुका गाउँलाई २५-२२ र २५-२२ ले पराजित गरेको हो। पाँचौ खेलमा ठाँटीले उरीलाई सोझो सेटमा नै पर



ाजित गरेको छ। ठाँटीले उर ालाई २५-१६ र २५-२१ ले पर ाजित गरेको हो। खुल्ला गाउँस्तर ीय पुरुष भलिबल प्रतियोगितामा १३ समूहको सहभागिता रहेको प्रतियोगिताको विजेताले ८० हजार र उपविजेताले ५० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्ने छन्। यसैगरी अन्नपूर्ण सेन्चुरी पर्यटन महोत्सवमा आयोजित खुल्ला बास्केटबल प्रतियोगिता क्वाटरफाइनलको खेल सुरु भएको छ। पहिलो क्वाटर फाइनल खेलमा स्याउलीबजारले भेन्ट्रास घान्द्रुकलाई पराजित गर्दै सेमिफाइलनमा प्रवेश गरेको छ। स्याउली बजारले ४६-२२ को अङ्कमा भेन्ट्रास घान्द्रुकलाई पराजित गर्दै सेमिफाइलनमा स्थान पक्का बनाएको हो। दोस्रो क्वाटर फाइनल खेलमा मार्दी खोला (सुन्तला)ले घान्द्रुक रातोलाई पर ाजित गर्दै सेमिफाइलनमा प्रवेश गरेको छ। मार्दी खोलाले घान्द्रुक र ातोलाई ५५-३० अङ्कले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ। बास्केटबल प्रतियोगिताको क्वाटर फाइनलको तेस्रो खेल चितवन र सेन्चुरी युवा क्लब र चौथो क्वाटर फाइनल खेल घान्द्रुक सेतो र मार्दी खोला निलोबीच प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ। ११ समूहको सहभागिता रहेको बास्केटबल प्रतियोगिताको विजेताले ८० हजार र उपविजेताले ५० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ। महोत्सव अवधिभर पर्यटकहरुलाई घान्द्रुकमा २० प्रतिशत छुट दिएको छ भने भलिबल र बास्केटबलतर्फ ८ सय रुपैयाँको प्याकेजमा खाने बस्ने व्यवस्था गरेको आयोजकले जनाएको छ। सन् १९५० जुन ३ तारिखमा फ्रान्सेली मौसिर हर्जोगको टोलीले अन्नपूर्ण हिमालको चुचुरोमा पाइला टेकेको दिनलाई अन्नपूर्ण आरोहण दिवसको अवसरमा अन्नपूर्ण सेन्चुरी पर्यटन समितिले म्याराथनको समेत आयोजना गर्दै आएको छ।

दुईवर्ष कोरोना भाइरसका कारण रोकिएको म्याराथन तेस्रो संस्करणको म्याराथन महोत्सवको अन्तिम दिन जेठ २० गते सञ्चालन हुने आयोजकले जनाएको छ। जेठ २० गते म्याराथन प्रतियोगितामा सञ्चालन हुनेछ। म्याराथन पुरुषतर्फ प्रथम हुने धावकले १ लाख ५० हजार, दोस्रो हुनेले १ लाख र तेस्रो हुनेले ७५ हजार पुरस्कार पाउनेछन्। यस्तै महिलातर्फ प्रथम हुने धावकले ७५ हजार, दोस्रो हुनेले ५० हजार र तेस्रो हुनेले २५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्।

म्याराथन जेठ २० गते अन्नपूर्ण हिमालको आधार शिविर बाट सुरु भएर म्याराथन माछापुच्छ्रे आधार शिविर, बगर, देउराली, किम्रोङखोला, उरी हुँदै घान्द्रुकमा आएर सम्पन्न हुनेछ।

# गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ताको शपथ

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ

गण्डकी प्रदेशका नवनियुक्त मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्माले पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

प्रदेश प्रमुखको कार्यालयद्वारा आन आयोजित एक समारोहमा उहाँलाई प्रदेश प्रमुख पृथ्वीमान गुरुङको उपस्थितिमा उच्च अदालत पोखराका मुख्य न्यायाधिश डिल्लीराज आचार्यले शपथ गराउनुभएको हो। कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, मन्त्रीहरू, उच्च पदस्थ कर्मचारी, सञ्चारकर्मीलगायतको उपस्थिति थियो। शर्मालाई बुधबार बसेको गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद् को बैठकले मुख्य न्यायाधिवक्तामा नियुक्त गरेको थियो।

**उपभोक्ताले ध्यान दिनुपर्ने कुराहरु**

- मूल्यसूची वा बस्तुको लेवलमा अंकित मूल्य हेरी सामान खरिद गरौं।
- आफूले खरिद गर्न लागेको बस्तुमा नापतौल उल्लेख छ/छैन र खुल्ला बस्तु भए मूल्यसूची हेरेर मात्र खरिद गरौं।
- आफूले खरिद गर्न लागेको बस्तुको गुणस्तरमा ध्यान दिऔं।
- व्यवसाय दर्ता गरेको व्यवसायीसँग मात्र सामान खरिद गर्ने बानी बसालौं।
- बस्तुको उपभोग्य मिति हेरी खरिद गरौं र उपभोग्य मिति गुज्रेका (म्याद नाघेका) सामाग्री खरिद नगरौं।
- सामान खरिद गर्दा बिल लिने बानी बसालौं।
- मूल्य, तौल र गुणस्तरबाट ठगिएमा सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय वा उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय वा मन्त्रालयमा खबर गरौं।

गण्डकी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
पोखरा, नेपाल
सम्पर्क नः ०६१-४६७७३२/४६७७३३

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु:
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान:
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट: नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# प्रधानमन्त्री भ्रमण कमजोर कुटनीति

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र भारतीय समकक्षी नरेन्द्र मोदीबीच बिहीबार भएको औपचारिक भेटवार्तामा नेपालले प्राथमिकताका साथ राखेको कुनै पनि प्रस्तावमा भारतले सहमति जनाएन । हैदरावाद हाउसस्थित प्रधानमन्त्री कार्यालयमा प्रचण्डलाई भारतीय प्रधानमन्त्री मोदीले स्वागत गरे । त्यसपछि दुईपक्षीय भेटवार्ता र दुई देशकाबीचमा सहमतिपत्र आदानप्रदान भयो । नेपाल र भारतीबीच मुख्यतः सात विषयमा सम्झौता भएका छन् । जस अनुसार नेपाल-भारत पारवहन सम्झौता नवीकरण, सीमापार पेट्रोलियम पाइपलाइन विस्तार, परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान र सुषमा स्वराज इन्स्टिच्युटबीच सहकार्य, चाँदनी दोधारामा एकीकृत जाँचचौकी स्थापना गर्ने, भारतीय कम्पनीद्वारा फुकोट कर्णाली आयोजना निर्माण गर्ने, डिजिटल पेमेन्ट सम्झौता गर्ने जस्ता विषय छन् । यस्तै विकास निर्माणसम्बन्धी केही आयोजना पनि भारतले घोषणा गरेको छ ।

नेपालले भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका लागि महेन्द्रनगर र भैरहवाबाट थप अतिरिक्त हवाइ रुट माग गरेको थियो । भेटका क्रममा २६ वर्षअघि भएको महाकाली सन्धिअनुसार पञ्चेश्वर बहु-उद्देश्यीय परियोजना लागू गर्ने कुरामा पनि भारतसँग समझदारी हुन सकेन । दुई प्रधानमन्त्रीबीच बिहान आधा घन्टा एक्ला एक्लै र त्यसपछि प्रतिनिधिमण्डलस्तरीय छलफलमा ऊर्जा, पारवहन, सीमापार रेल-वे, पेट्रोलियम पाइपलाइन तथा नेपालबाट बंगलादेश विद्युत बिक्रीसम्बन्धी समझदारी भए पनि हवाई रुट अनुमति र पञ्चेश्वर परियोजनामा छलफल मात्रै भएको थियो ।

प्रधानमन्त्रीहरूको संयुक्त पत्रकार सम्मेलनपछि विदेश सचिव क्वात्राले पत्रकार सम्मेलन गरेका थिए । पत्रकारहरूले सोधेको प्रश्नमा क्वात्राले अग्निपथमा गोर्खा भर्ती, ईपीजी र शान्ति तथा मैत्री सन्धि र अखण्ड भारत'का विषायमा समेत कुरा नभएको जानकारी दिए । क्वात्राले भने,'मेरो जानकारीमा भएअनुसार अग्निपथमा गोर्खा भर्ती, ईपीजी र शान्ति तथा मैत्री सन्धिको विषयमा दुई प्रधानमन्त्रीहरूबीच द्विपक्षीय र प्रतिनिधिमण्डलस्तरीय बैठकमा कुरा भएन ।' उनले भारतको संसद्मा भर्खरै राखिएको 'अखण्ड भारत'को मुरालको बारेमा पनि दुई प्रधानमन्त्रीबीचमा छलफल नभएको बताए ।

नेपाल र भारतबीचमा भएका असमान सन्धिहरुको पुनरवलोकन तथा परिमार्जनका लागि दुवै देशले अध्ययनका लागि बनाएको इमिनेन्ट पर्सन्स ग्रुप(इपीजी) प्रतिवेदन बुझ्ने विषयमा दुवै प्रधानमन्त्रीहरुले सम्बोधनमा एक शब्द पनि उचारण गरेनन् । नेपाल र भारत दुवै देशका तर्फबाट चार/चार जनाको विज्ञ समूहले अध्ययनको प्रतिवेदन २०१८ को जुनमा नै तयार गरिसकेको छ। उक्त प्रतिवेदन दुवै देशका प्रधानमन्त्रीलाई बुझाउने सन्दर्भमा मोदीले अहिलेसम्म इपीजीको प्रतिवेदन बुझ्न समय मिलाएका छैनन् ।

उता नेपालले २५ वर्ष लामो ऊर्जा सम्झौता गर्न चाहे पनि त्यो पनि हुन सकेन । भारतले नेपालले राखेको २५ वर्ष लामो प्रस्तावमा असहमति जनाएपछि १० वर्षको समझदारी भएको छ । नेपालका चासोका विषयमा कुनै पनि संझौता हुन नसके पनि उता भारतले भने आफ्ना ईच्छ्याका ठुला आयोजनाहरु हात पारेको छ । चाँदनी दोधारामा एकीकृत जाँच चौकी बनाउने, तल्लो अरुणको पीडिए गर्ने र फुकोट कर्णाली भारतीय कम्पनीले बनाउने भारतको चाहानालाई नेपालका प्रधानमन्त्री प्रचण्डले सहमती गरी पुरा गरिदिएका हुन् । मोदीको 'रामायण सर्किट' योजनामा पनि दाहालले सहमती जनाएका छन् । प्रधानमन्त्री प्रचण्डको औपचारिक भ्रमण भएकाले गार्ड अफ अनर पाउन सकेनन् । जम्बो भ्रमण टोली लिएर गएका प्रधानमन्त्री प्रचण्डले परराष्ट्र मन्त्रालयलाई भूमिकाहिन बनाउन खोज्दा कुटनैतिक कमजोरी र व्यवस्थापनमा कमजोरी देखिन्छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| ककर्ट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : मन चञ्चल |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# ठेक्का तोड्ने चेतावनीपछि ठेकेदार सम्पर्कमा

**पोखरापत्र संवाददाता**
दमौली १८ जेठ

तनहुँको भानु नगरपालिकामा तीन वटा सडक कालोपत्रको ठेक्का पाएका ठेकेदार चेतावनीपछि सम्पर्कमा आएका छन् । सडकको ठेक्का तोड्ने चेतावनीपछि ठेकेदार नगरपालिकाको सम्पर्कमा आएका हुन् ।

नगरपालिकाले काश्यप निर्माण सेवालाई कालोसूचीमा राख्ने र ठेक्का तोड्ने चेतावनी दिएको थियो । उक्त चेतावनीको छ घन्टाभित्रै निर्माण कम्पनीका सञ्चालक माधव घिमिरे नगरपालिकाको सम्पर्कमा आएको प्रमुख प्रशासकीय अधिकृत दिवाकर पौडेलले जानकारी दिनुभयो ।

उक्त कम्पनीले नगरपालिकाअन्तर्गतका तीन सडक कालोपत्रको ठेक्का पाएको छ । ठेक्का सम्झौता भएर काम नभएपछि बाध्य भएर पत्र काट्नुपरेको पौडेलले बताउनुभयो । उहाँले भन्नुभयो, "ठेक्का लिएर लामो समयसम्म काम नगर्ने, ठेक्का ओगटेर बस्ने प्रवृत्तिका विरुद्ध नगरपालिका कडाइका साथ लाग्छ, सम्झौता योजनालाई समयमै सम्पन्न गराउनेतर्फ नगरपालिका प्रतिबद्ध छ ।" उक्त निर्माण कम्पनीले नगरपालिकाको गौरवको योजनाका रुपमा रहेको भानु जन्मस्थल मोटरमार्ग, कालीमाटी-मानेचौका-कुञ्छा मोटरमार्ग र रातमाटा-राइपाली-भञ्ज्याङ मोटरमार्गको कालोपत्रको ठेक्का पाएको छ । गत वर्ष नै काम सम्पन्न गर्ने गरी सम्झौता भए पनि लापरवाहीका कारण काम हुन सकेको छैन । कम्पनीका सञ्चालक माधव घिमिरेले कम्पनीमा धेरै ठेक्का भएकाले आवश्यक जनशक्तिको अभाव र अन्य व्यवस्थापकीय समस्याले गर्दा काममा ढिलासुस्ती भएको बताउनुभयो । उहाँले आगामी मङ्गलबारबाट काम सुरु गरी चालु असार मसान्तसम्ममा काम सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । नगरपालिकाले उक्त कम्पनीसँग भानु जन्मस्थल मोटरमार्गको रु एक करोड ७७ लाख ४७ हजार नौ सय ७३, कालिमाटी-मानेचौका-कुञ्छा मोटरमार्गको रु एक करोड १७ लाख ५५ हजार दुई सय ५७ र र रातामाटा-राईपाली-भञ्ज्याङ मोटरमार्गको रु एक करोड ८३ लाख १५ हजार तीन सय दुईमा सम्झौता गरेको थियो ।

समयमै काम सम्पन्न गर्नु निर्माण कम्पनीको दायित्व भएको र मौखिकरुपमा पटकपटक अनुरोध गर्दा अटेर गरिएपछि बाध्य भएर पत्र काट्नुपरेको नगर उपप्रमुख उमा गोतामेले बताउनुभयो । ठेक्का सम्झौता भएर काम नहुँदा घाम लाग्दो धुलो र पानी पर्दा हिलोले सर्वसाधारण मर्कामा छन् ।

नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले विकास योजनामा लापरवाही हुन नदिन नगरपालिकाका प्रतिबद्ध रहेको बताउनुभयो ।

# दुई वटा चिस्यान गृह निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी १८ जेठ

रघुगङ्गा गाउँपालिकामा दुई चिस्यान गृह निर्माण गरिएका छन् । गाउँपालिकाले फलफूल र तरकारी भण्डारण गर्न वडा नं २ को भगवतीमा २५ हजार र वडा नं ५ को झिँमा २० हजार किलोग्राम क्षमताका चिस्यान गृह निर्माण गरेको हो ।

कृषकले उत्पादन गरेका सुन्तला जात फलफूल र तरकारीलाई भण्डारण तथा बजारीकरणका लागि चिस्यान गृह बनाइएको गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभयो । "चिस्यान गृह भएपछि कृषि उपजलाई बेमौसममा बढी मूल्य पार्न सकिनुका साथै बजार नपाउने समस्या पनि हट्ने अपेक्षा गरेका छौँ", उहाँले भन्नुभयो, "सुन्तला, आलुलगायत तरकारी तथा फलफूललाई दुईदेखि पाँच महिनासम्म समय भण्डारण गरेर राख्न सकिन्छ ।" माघ-फागुनमा बेग, भगवती, पिप्ले, दग्नाम, झिँ, पात्लेखेत, पाखापानीमा उत्पादन भएको सुन्तला र भदौ र असोजमा कुहिने, चिमखोलाको आलु, दौडे भण्डारण गर्ने योजना बनाइएको छ ।

चिस्यान गृहको भवनमा फलफूल र तरकारीलाई ताजा बनाइराख्ने अनुकूलित हावापानी बनाउने उपकरण जडान गरिएको छ । मौसममा उचित मूल्य नपाउने समस्या पनि चिस्यान गृह सञ्चालन भएपछि हट्ने अपेक्षा गरिएको छ ।

झिँमा रु २१ लाख ७८ हजारको लागतमा चिस्यान गृह निर्माण भएको गाउँपालिकाका इञ्जिनियर सुदीप गौतमले जानकारी दिनुभयो । "उपभोक्ता समितिसँग रु २३ लाख ४६ हजार छ सय ६७ मा सम्झौता भएको थियो", उहाँले भन्नुभयो, "गाउँपालिकाले रु १९ लाख ६० भुक्तानी गरेको, उपभोक्ताले रु दुई लाख १७ हजार छ सय ६० बराबरको श्रमदान गरेका छन् ।" सङ्घीय सरकारले शसर्त अनुदान शीर्षकमा रु ११ लाख विनियोजन गरेको चिस्यान गृह बनाउनमा गाउँपालिकाले पनि रु ११ लाख विनियोजन गरेको थियो । भगवतीको चिस्यान गृह बनाउन डोलेश्वर महादेव कन्ट्रक्सन एण्ड सप्लायर्सले करबाहेक रु ७९ लाख ७० हजार ८४ मा ठेक्का सम्झौता गरेको थियो ।

चिस्यान गृहको भवन निर्माण र उपकरण जडानको काम सकेर हस्तान्तरणको चरणमा छन् । यसअघि गत वर्ष प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाकोसहयोगमाअन्नपूर्ण गाउँपालिकाको नारच्याङ्मा २० हजार किलोग्राम क्षमताको चिस्यान गृह निर्माण गरिएको थियो ।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# बलेवा विमानस्थल : जहाज चढ्न कहिले पाइने टुङ्गो छैन

**रासस**
बागलुङ, १८ जेठ

बागलुङ बलेवा विमानस्थल कालोपत्र गरेर रङरोगनले चिटिक्क परेको एक वर्ष बढी भयो । धावनमार्ग कच्ची हुँदा निरन्तर सञ्चालन हुन नसकेको यो विमानस्थल कालेपत्र गरिसक्दा पनि विमान कहिले सञ्चालन हुन्छ भन्ने अत्तोपत्तो छैन । विसं २०२२ मा स्थानीयले श्रमदान गरी तयार गरेको विमानस्थल २०४८ सालसम्म सञ्चालनमा थियो । विसं २०४८ मा बागलुङ-पोखरा-राजमार्ग निर्माण भएर गाडी चल्न थालेपछि विमानस्थल बन्द भयो ।

छब्बीस वर्षदेखि बन्द भएको विमानस्थल बागलुङ नगरपालिकाले २०७४ चैत ९ गतेदेखि पुनः सञ्चालनमा ल्यायो । त्यसबेला नेपाल एयरलाइन्स तथा तारा एयरलाइन्सका जहाजले केही महिना नियमित उडान भरे । धावनमार्ग कच्ची हुँदा विमान उडाउन समस्या आएपछि उडान रोकिएको थियो । लामो समयदेखि बन्द रहेको बलेवा विमानस्थल सञ्चालनका लागि धावनमार्ग कालोपत्र गरेपछि स्थानीयमा नियमित विमान सञ्चालन हुने आश पलाएको थियो । तर अहिलेसम्म सञ्चालनका लागि कुनै पहल नहुँदा उनीहरू निराश छन् । विसं २०७८ चैतमा विमानस्थलको सात सय मिटर लम्बाइ र ३० मिटर चौडाइ धावनमार्ग कालोपत्र गरिएको थियो । धावनमार्ग कालोपत्रसँगै पेन्टिङ र छेउछाउ तारबारसमेत गरिएको छ । धावनमार्ग नागरिक उड्डयन प्राधिकरणको रु सात करोड लागतमा काष्ठमण्डप उमा एण्ड कम्पनी जेभी बल्खुले कालोपत्र गरेको थियो । लामो समयसम्म पनि विमानस्थलमा जहाज नआउँदा प्रयोग नभई जीर्ण बन्ने जोखिम छ । राज्यले चासो नदिँदा करोडौँ रुपैयाँका पूर्वाधार प्रयोगविहीन बनेका स्थानीय कुमार पौडेलले बताउनुभयो । पछिल्लो समय बलेवा क्षेत्रबाट बसाइँसराइ तीव्ररूपमा भइरहेकाले विमानस्थल सञ्चालनमा आए त्यो क्रम रोकिने पौडेलको भनाइ छ । उहाँ भन्नुहुन्छ, "विमानस्थल सञ्चालन गर्नकै लागि राज्यले यति ठूलो रकम खर्चेको छ, तर जहाड उडानको कुनै टुङ्गो छैन ।" बलेवा बजारका रूपमा विकास भएको छ । पर्यटकीय हिसाबले उत्तिकै फड्को मार्दैछ, तर जहाज नचल्दा यहाँका स्रोतसाधान गुमानाम छन्, यस क्षेत्रका स्रोत र साधानको प्रयोग गरी आर्थिक उपार्जन, पर्यटन विकास र अन्य सुविधाका लागि विमानस्थल सञ्चालन गर्न जरुरी छ । बागलुङ नगरपालिका-१४ का अध्यक्ष चक्रबहादुर खत्रीले धवनमार्ग बनेको यतिका समयसम्म विमान सञ्चालन नहुनु दुःखद् भएको बताउनुभयो । विमानस्थल सञ्चालनका लागि मन्त्री, सांसदहरूसँग पटक-पटक माग गरे पनि सुनुवाइ नभएको गुनासो गर्नुभयो । यहाँदखि नियमित विमान सञ्चालनमा आए बलेवावासीको जीवनस्तर उकास्न महत्वपूर्ण भूमिका बन्दै रोजगारका अवसर सिर्जना हुने र धार्मिक पर्यटकीय क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सकिने उहाँको भनाइ छ । "पहिले यहाँका स्थानीयले खनेरै यति ठूलो विमानस्थल बनाए, उतिबेला अहिलेको जस्तो मेसिन आएका थिएनन् तर पनि विमान चलेको थियो, अहिले मेसिन आए काम पनि भयो तर विमान आएन", अध्यक्ष खत्रीले भन्नुभयो । विमानस्थलबाट २०४८ सालसम्म काठमाडौँ, पोखरा, भैरहवा र जोमसोमका लागि जहाजले उडान भर्ने गरेको थियो । बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्का सातामा एकपटक भए पनि उडानको योजना रहेको बताउनुहुन्छ । कालीगण्डकी करिडोरसँग जोडिएको विमानस्थल पुग्न बागलुङ बजारबाट १२ किलोमिटर सडक कच्ची छ । कालीगण्डकी करिडोर कालोपत्र हुन सकेमा विमानस्थल सञ्चालनका लागि यात्रुको अभाव नहुने उहाँको भनाइ छ । विमानस्थल सञ्चालनमा आए बागलुङ, पर्वत र म्याग्दीका नागरिकलाई यातायातमा सहज पहुँच हुनुका साथै यहाँको पर्यटन र आर्थिक विकासमा महत्वपूर्ण टेवा पुग्ने अपेक्षा गरिएको छ ।

# म्याग्दीमा बढ्यो दूधको मूल्य

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ जेठ

म्याग्दीमा गत असारदेखि लागू हुने गरी दूधको मूल्य बढाइएको छ । दुई वर्षयता दूधको मूल्य समायोजन नहुँदा कृषक मर्कामा परेको गुनासो आइरहेका बेला दूधको मूल्य बढेपछि पशुपालक कृषक खुसी भएका छन् ।

मूल्य निर्धारणका लागि बसेको बैठकले किसानले प्रतिलिटर रू एक सय १० र व्यापारीले अधिकतम रू एक सय ३२ सम्म बिक्री गर्ने गरी दूधको मूल्य निर्धारण गरिएको भेटेरीनरी अस्पताल तथा पशु सेवा म्याग्दीले जनाएको छ । यसअघि कृषकले दूधको मूल्य रु ९० प्रतिलिटर र डेरीले उपभोक्तालाई रू एक सय २० मा बिक्री गर्ने गरेका थिए । त्यस्तै गाईको दूध प्रतिलिटर रू ८० कायम गरिएको छ । मूल्यवृद्धि भएसँगै प्रतिलिटरमा कृषकलाई प्रतिलिटर रु २० र डेरी व्यवसायीले रु १२ बढी पाउने भएका छन् । केन्द्रका प्रमुख जीवन आचार्यका अनुसार डेरी व्यवसायीले किसानबाट खरिद गरेको भन्दा २० प्रतिशत बढी लिन नपाउने बताउनुभयो । दूधको मूल्य समायोजनले कृषकलाई राहत मिलेको बेनपा-६, बास्बोटका दुर्गाप्रसाद पौडेलले बताउनुभयो।"हरेकवर्षमूल्यवृद्धिअनुसार समायोजन हुनुपर्छ, कृषकको माग सम्बोधन भएको छ", पौडेलले भन्नुभयो । यता उपभोक्ताले दूध आमउपभोक्तासामु पुऱ्याउन गुणस्तरमा ध्यान दिँदै मूल्य स्थिर बनाउनुपर्नेमा जोड दिएका छन् । उपभोक्ताले तिर्ने मूल्यअनुसारको गुणस्तरमा सरकारी निकायबाट नियमित अनुगमन हुन नसकेको उपभोक्ताको गुनासो छ । भेटेरिनरी अस्पताल तथा पशु सेवासहित सरोकारवाला निकायले दूध सङ्कलन खर्च, ढुवानी खर्च, प्रशोधन, प्याकेजिङ, बजारसम्म ढुवानी, बिक्रेता कमिसनसम्म ध्यान दिँदा दूधमा मिसावटको अवस्थाका बारेमा समेत डेरीवालालाई सचेत बनाउनुपर्ने उपभोक्ताको माग छ ।

# अटिजमको विषय चलचित्रमा

**रासस**
काठमाडौं, १८ जेठ

चलचित्रमार्फत तथ्य सहजै बुझाउन सकिने भएकाले यसलाई आमसञ्चारको प्रभावकारी माध्यमका रुपमा लिइन्छ ।

एक बच्चामा देखिएको अस्वभाविक सजग मानसिक स्थिति (अटिजम)को समस्या र कसैसँगको व्यक्तिगत सम्बन्धलाई समाजमा देखाउन खोज्ने एक आमाको सङ्घर्षपूर्ण कथामा चलचित्र 'मीराः स्याडो अफ अ रेन्बो' निर्माण भएको छ । निर्माण पक्षले हालै चलचित्रको पोस्टर सार्वजनिक गर्दै विषयबारे जानकारी गराएका छन् । चलचित्रकी निर्देशक अनिता पण्डितले चलचित्रमार्फत अटिजमबारे बुझाउन खोजिएको जानकारी दिनुभयो । "कहिल्यै ठीक नहुने भन्ने सोचको विरुद्ध हामीले चलचित्रमा कथा उठान गरेका छौँ । अटिजम एक अवस्था मात्र हो र यो अवस्थामा रहेका बच्चालाई आफैँले सामान्य अवस्थामा ल्याउन सकिन्छ भन्ने तथ्यलाई देखाएका छौँ", निर्देशक पण्डितले भन्नुभयो ।

**मादी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**थुमाकोडाँडा, कास्की, गण्डकी प्रदेश, नेपाल**

**विषयः ठेक्का रद्द गरिएको सम्बन्धमा**

**प्रकाशित मिति : २०८०/०२/१९**

उपरोक्त सम्बन्धमा मादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयद्वारा मिति २०७९/१२/१२ मा प्रकाशन गरिएको name of contract **The Procurement of Plastic Tunnel, Pokhari Plastic and Hail Nets for Madi Rural Municipality, Contract no. 20/MRM/G/SQ/079/80** टेण्डर खरिद प्रकृया खारेज भएको व्यहोरा सूचित गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# पोउवा संघको बोर्ड बैठक गिलुङमा

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ



पोखरा उद्योग वाणिज्य संघले लमजुङको क्होंलासोथर गाउँपालिकाको गिलुङमा आफ्नो १२ औं कार्यसमिति बैठक सम्पन्न गरेको छ । ग्रामीण पर्यटन तथा घरबास कार्यक्रमको प्रवर्द्धन एवं स्थानीय उत्पादनको बजारीकरणको सम्भावना खोजीको लागि संघले क्होंलासोथर ९, गिलुङलाई बैठकस्थल छानेको अध्यक्ष पवनकुमार प्रजापतिले बताए ।

'तीनवटै तहका सरकारले ग्रामीण पर्यटन प्रवर्द्धनलाई प्राथमिकता दिएका छन्,हामी सरकारसँगै सहकार्य गर्ने सामाजिक संस्था हौं,' अध्यक्ष प्रजापतिले भने,'सरकारी अभियानलाई सघाउन तथा ग्रामीण उत्पादनहरुको बजारीकरणको सम्भावना खोज्ने उदेश्यले बैठक स्थल नै गाउँ छानिएको हो ।' बैठकको क्रममा जनप्रतिनिधि, स्थानीयबासी र आमा समूहसँग अन्तरक्रिया तथा सहरी क्षेत्रमा खपत हुनसक्ने स्थानीय उत्पादनबारे जानकारी लिइएको अध्यक्ष प्रजापतिको भनाइ छ । कार्यसमिति बैठकमा सहभागी संघका सल्लाहकार तथा नेपाल उद्योग वाणिज्य महासंघका समेत पूर्वअध्यक्ष आनन्दराज मुल्मीले उद्योगी/व्यवसायीहरुले ग्रामीण भेगको जनजीवन, आवश्यकता र त्यहाँका उत्पादन एवं सम्भावनाबारे जानकारी राख्नुपर्ने बताए । लामो सामाजिक कार्यको अनुभवका साथै गण्डकीको राजधानीमा भएको उद्योग वाणिज्य संघ भएका नाताले पोखरा उद्योग वाणिज्य संघको दायित्व पनि ठूलै भएको बताउँदै उनले भने,'मुलकको नियति परिवर्तन गर्ने दायित्व निजी क्षेत्रको पनि हो र गण्डकीका सम्भावना र अवसरबारे जानकारी लिन गरिएको यो कार्यक्रमले नयाँ यात्रा तय गर्न मद्धत पुग्नेछ ।' उनले ग्रामीण क्षेत्रको विकास हुँदा त्यसको लाभ पोखराले पनि पाउने तर्क गर्दै गाउँलेहरुको आवश्यकताबारे प्रदेश सरकारलाई झक्झक्याउने जिम्मेवारी बोक्न संघलाई सुझाव दिए । क्होंलासोथर ९ का वडाध्यक्ष हुमराज गुरुङले शिक्षा,स्वास्थ्य र रोजगारी सिर्जनामा पालिकाहरुले विशेष जोड दिएको बताउँदै ग्रामीण पर्यटन प्रवर्द्धनको लागि संस्थागत भ्रमणहरु फलदायी हुने बताए । गिलुङ-पोखरा सम्पर्क समितिका अध्यक्ष आशिष गुरुङले गुरुङ संस्कृतिको अनुपम थलो गिलुङ पर्यटकहरुको स्वागत गर्न आतुर रहेको बताउँदै मौलिक गुरुङ संस्कृति अध्ययन अवलोकन गर्नेहरुका लागि गिलुङ उत्तम थलो भएको बताए । उनले ऐतिहासिक घाँटु नाच हेर्नको लागि पनि गिलुङ पुग्नुपर्ने जिकिर गरे । पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले गाउँमा पछिल्लो समय बनेका पूर्वाधारको सही सदुपयोग गर्दै पालिकाहरुले गाउँलेलाई उत्पादनसँग जोडनुपर्नेमा जोड दिए । लमजुङ उद्योग वाणिज्य संघका उपाध्यक्ष मृगेन्द्र घिमिरेले पोखरा उद्योग वाणिज्य संघले बोर्ड बैठक थलो गिलुङ तय गरेकोमा आभार व्यक्त गर्दै स्थानीय उत्पादनको बजारीकरणको लागि दुई उद्योग वाणिज्य संघबीच सहकार्य गरिने बताए । संघका वाणिज्यतर्फका उपाध्यक्ष उत्तममान बुद्धाचार्यले मौलिक संस्कृति जोगाउन गाउँलेहरुसँग आग्रह गरे । महासचिव बलराम आचार्यले स्थानीयका परम्परागत उत्पादनहरुको बजारीकरणमा संघले सघाउने वचन दिए ।

उपमहासचिव शोभा गौतमले बजारको माग हेरेर महिलाहरुलाई उद्यमशील बनाउन पालिकालाई सुझाव दिइन् । कार्यक्रममा गिलुङ-पोखरा सम्पर्क समितिका संस्थापक अध्यक्ष सेतेसुब्बा गुरुङ,सदस्य रुद्रबहादुर गुरुङ, पोखरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष नारायण कोइराला, कोषाध्यक्ष दीनेशचन्द्र बास्तोला, कार्यसमितिका सदस्यहरु प्रभा सुवेदी सुदीप प्रधानाङ्ग,दीलिप श्रेष्ठ, कृष्ण कोइराला, भीम गौतम, माधव बस्ताकोटी, मनोजकुमार श्रेष्ठ, रामप्रसाद कँडेल,जीवनकुमार श्रेष्ठ, प्रेमप्रसाद सुवेदी, लेखनाथ सुवेदी, लिलाधर चपाईं, युवकबहादुर बस्नेत,टीकाराम सुवेदी, देवेन्द्र प्रजू र प्रदीप राजभण्डारीको सहभागिता रहेको थियो ।

# मगर संस्कृतिसँग जोडेर धौलागिरि क्षेत्रमा पर्यटन प्रवर्द्धन

- ध्रुवसागर शर्मा
म्याग्दी, १८ जेठ (रासस)

धौलागिरि क्षेत्रका म्याग्दी, बागलुङ र पर्वतमा बसोबास गर्ने मगर समुदायको संस्कृतिसँग जोडेर सरकारले मगर संस्कृति पर्यापर्यटन कार्यक्रममार्फत यस क्षेत्रको पर्यटन प्रवर्द्धन र विकासका योजना सञ्चालन गर्ने भएको छ ।

सङ्घीय सरकारले म्याग्दी, बागलुङ र पर्वतमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्ने भएको हो । अर्थमन्त्री डा प्रकाशशरण महतले सोमबार सङ्घीय संसद्मा प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमार्फत म्याग्दी, बागलुङ र पर्वतलाई समेटेर पर्यापर्यटन तथा मगर संस्कृति पर्यटन क्षेत्रका रूपमा विकास गर्न प्रोत्साहन गरिने जानकारी गराउनुभएको हो । म्याग्दीको अन्नपूर्ण र पर्वतको जलजला गाउँपालिकालाई समेटेर अन्नपूर्ण-धौलागिरि पर्यावरणीय पदमार्ग सञ्चालन हुँदै आएको छ । सरकारको घोषणापछि अधिकांश मगर समुदायको बसोबास रहेको यो पदमार्गमा बागलुङलाई पनि समेट्ने र मगर संस्कृतिसँग पर्यटनलाई जोड्ने अपेक्षा गरिएको छ । म्याग्दीको अन्नपूर्ण र मालिका गाउँपालिकाका प्रायः सबै गाउँ मगर बाहुल्य हुन् । यहाँ पुग्ने पर्यटकले मगर जातिको मौलिक संस्कृति, परम्परा, जीवनशैली, रहनसहन, वेशभूषा, भाषाको समेत अध्यन गर्न पाउँछन् । अन्नपूर्ण, मालिका र धौलागिरि गाउँपालिकाका क्षेत्रमा लोभलाग्दा प्राकृतिक सम्पदा पर्यटकका लागि अर्को आकर्षण बन्नेछन् । धवलागिरि, अन्नपूर्ण, गुर्जा, नीलगिरि, पुठा लगायतका हिमाल म्याग्दीमा पर्छन् । गाउँमा घरबास शैलीका होटेल खुल्न थालेका छन् । यहाँका गाउँमा पुग्ने पर्यटकले स्थानीय कोदो, जौ, मकै, आलु आदिका परिकार खान पाउँछन् । गाउँ वरपरका जडीबुटी, हिमशृङ्खला, झरना, नदी, ताल र जैविक विविधताले पर्यटकलाई लोभ्याउने मालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले बताउनुभयो । म्याग्दीमा बोलिने मगर ढुट र खाम मगर भाषा अरूभन्दा मौलिक रहेकाले भाषा विज्ञानका विद्यार्थीका लागि थप अध्ययन गर्न सकिने केवी एकेडेमी दरवाङका शिक्षक हिराबहादुर सिउथानी मगरको भनाइ छ । जैविक विविधताका दृष्टिले म्याग्दीको मालिका, धवलागिरि र अन्नपूर्ण, बागलुङको ढोरपाटन र पर्वतको जलजला क्षेत्र निकै धनी ठाउँ हो । यहाँ वन लसुन, कटुकी, चुल्थे, रातो च्याउ, निर्मसी, विख्माजस्ता जडीबुटी आयआर्जनका स्रोत बनेका छन् । भेडा र घोडाका लागि यहाँका पाटनमा हुने बाक्लो तथा मसिनो बुकी घाँसले पर्यटकका लागि थप आकर्षण गराउँछ । यहाँको अर्को आकर्षण भनेको माओवादी द्वन्द्वकालमा प्रयोग भएको गुरिल्ला ट्रेलका बारेमा पनि पर्यटकले अध्ययन गर्न पाउनु हो । यहाँका जङ्गल र खर्कमा माओवादी द्वन्द्वकालमा छापामार बस्ने गरेका आश्रयस्थल पनि पर्यटकले देख्न सक्छन् । म्याग्दीको सदरमुकाम बेनी, अर्घाखाँचीको सदरमुकाम सन्धिखर्क र डोल्पाको सदरमुकाम दुनै आक्रमणका घाइते छापामारलाई राखिएका गोठ, ओडार र जङ्गल अध्ययन गर्ने पर्यटकका लागि थप महत्वको विषय हुन सक्ने बताइन्छ ।

सदरमुकाम कब्जापश्चात् अपहरणमा परेका सरकारी अधिकारी, सेना र प्रहरीलाई सुरक्षित साथ बसाइएका घर अहिले पनि देख्न सकिन्छ । यस क्षेत्रलाई आदिम सांस्कृतिक थलोका रूपमा चिनिने स्थानीय बूढापाका बताउँछन् । यहाँको मुख्य भाषा मगर खाम हो । मगर खाम समुदायको जीवनशैली हिमाली संस्कृतिसँग मिल्दोजुल्दो छ । यस क्षेत्रमा पर्यटक रमाउने भनेकै हिमालको दृश्यावलोकन, जैविक विविधताको र मगर खाम भाषाको अध्ययन, पाटन, वनस्पति, जङ्गल, नदीनाला, तालतलैया तथा वन्यजन्तु हुन् ।

मगर खाम गाउँका बासिन्दा सामूहिकतामा विश्वास गर्छन् । सामाजिक एकताबिना उनीहरू आफ्नो अस्तित्व स्वीकार्न नगर्ने संस्कार छ । मगर खामको गाउँमा समान संरचनामा घर निर्माण भएका हुन्छन् । गाउँमा खेतीपातीमा अर्मपर्मको सिद्धान्त र विकास निर्माणमा परम्परागत झाराप्रथा प्रचलित छ । यो नै मगर समुदायको सामाजिक विशेषता हो ।धवलागिरि क्षेत्रका मगर समुदायले लामो भाका र स्वर निकालेर गाइने गीतको भावमा डुबेर भाङ्ग्रा, कछाड, टोपीको पहिरनमा मादल भिरेर नाचेको पुख्यौंली नाचको दृश्य निकै रोचक हुन्छ । अझ मादलेसँगै जोडी भएर महिलाको भेषमा नाच्ने पुरुषले पुख्यौंली नाचमा रौनकता थपिन्छ । पुख्यौंली नाचमा सोरठी भाकामा गीत गाउनेको एक समूह हुन्छ भने मादल भिरेर नाच्नेलाई मादले र महिलाको भेषमा नाच्नेलाई मारुनी भनिन्छ । यस्तै, रोचक पक्ष र विशेषता भएकाले पर्यटक यो नाच देख्दा मक्ख पर्ने गरेका पुख्यौंली संरक्षण समिति काफलडाँडाका सचिव नरबहादुर पुर्जाले बताउनुभयो ।

पुख्यौंली नाचका लागि १२ पुरुष र सोरठी गाउन पनि त्यत्तिकै सङ्ख्यामा महिलाको आवश्यकता पर्छ । त्यसका साथै थाली नाच, मारुनी नाच, ख्याली नाच, भूमे नाचले पनि पर्यटकलाई आकर्षित गर्ने गरेको छ । 'रैथानेमा गर्व गरौं' भन्ने नाराका साथ परम्परागत र प्राकृतिक तथा पोषणयुक्त रैथाने खाद्यान्न बालीको बीउ संरक्षण गरी खेती विस्तारको नीति लिएको सरकारले पर्यापर्यटनलाई मगर संस्कृतिसँग जोडेर कार्यक्रम ल्याउने भएकामा यस क्षेत्रका मगर समुदाय खुसी भएका छन् ।

# अन्नपूर्ण म्याराथनमा ५६ धावक सहभागी बन्दै

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ

अन्नपूर्ण सेन्चुरी पर्यटन समितिको आयोजना तथा नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा तेस्रो संस्करणको 'अन्नपूर्ण सेन्चुरी पर्यटन महोत्सव'अन्तर्गत अन्नपूर्ण म्याराथनमा यस पटक ५६ धावक सहभागी हुने भएका छन् ।

बुधबारदेखि कास्कीको पर्यटकीय गाउँ घान्द्रुकमा सुरु भएको उक्त महोत्सवको अन्तिम दिन यही जेठ २० गते अन्नपूर्ण प्रथम हिमाल आरोहण दिवस (जुन ३)का अवसरमा 'अन्नपूर्ण म्याराथन' हुने अन्नपूर्ण सेन्चुरी पर्यटन समितिका संयोजक ललित गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त दिन अन्नपूर्ण आधार शिविरबाट घान्द्रुकसम्म (४२ दशमलव १९५ किमी) को म्याराथन आयोजना हुने र उक्त म्याराथनमा ५६ जना धावक सहभागी हुनेछन् ।

म्याराथनमा विदेशी नागरिक पनि सहभागी हुने समितिका संयोजक गुरुङले बताउनुभयो । उहाँका अनुसार म्याराथनमा सहभागी हुनेहरू मङ्गलबारबाट नै अन्नपूर्ण आधार शिविरतर्फको यात्रा थालेका र उनीहरू मङ्गलबार छोम्रोङ, बुधबार हिमालय हुँदै बिहीबारमाछापुच्छ्रे आधार शिविरमा पुग्ने कार्यक्रम छ । माछापुच्छ्रे आधार शिविरबाट शुक्रबार बिहान ७ बजे धावक अन्नपूर्ण आधार शिविर पुगी म्याराथनका लागि पूर्वाभ्यास गर्नेछन् । जेठ २० (जुन ३) का दिन अन्नपूर्ण आधार शिविरबाट बिहान ७ बजे म्याराथन सुरु भई घान्द्रुकमा आई समापन हुने समितिका संयोजक गुरुङले जानकारी दिनुभयो । उहाँका म्याराथनका सहभागी धावकलाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपालको झण्डा हस्तान्तरण गर्ने कार्यक्रम रहेको छ । सन् १९५० जुन ३ तारिखमा फ्रान्सेली नागरिक मौरिस हर्जोगले अन्नपूर्ण हिमालको चुचुरोमा पाइला टेकेको दिनलाई अन्नपूर्ण आरोहण दिवसका रूपमा मनाइँदै आइएको छ ।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १६ निवासी भारतीय भू.पू. सैनिक नं. १७९४६ सुवेदार रण बहादुर गुरुङ तथा गोविन्द गुरुङको छोरी देवी गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा नाम देवी गुरुङ जन्ममिति २०२३/०६/०१ भएको र पिताको पेन्सन अभिलेखमा नामथर सावित्री र जन्ममिति वि.सं. २०२२/०६/२२ भएकोले उल्लेखित दुवै नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी कास्की जिल्ला पोखरा महानगरपालिका, १६ नं. वडा कार्यालयको च.नं. ६३५६ मिति २०८०/०२/०४ को सिफारिस पत्रबाट लेखी आएकोले पेन्सन प्रयोजनको लागि नियमानुसार हुन अनुरोध छ ।

## सार्वजनिक सूचना

अर्घाखाची छत्रगंज-६ स्थायी ठेगाना भई हाल पोखरा-२७ बस्ने कृष्णकुमारी थापाको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २७ को कित्ता नं. ३९४०, ३९७७ को क्षेत्रफल ०-४-०-१ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा उत्तर तर्फ कि.नं. ३९७८ र दक्षिण तर्फ कि. नं. ३९३९ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २७ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं ०१ निवासी ईश्वर तिलिजा पुनको माग निवेदन अनुसार भारतीय भू.पू. सैनिक 4/3GR सैनिक नं. जे सी 607848 M का सुबेदार ईश्वर तिलिजा पुनको भारतीय सैनिक अभिलेखमा निजको छोरीको नाम अनु पुन र जन्ममिति सन् 27 Nov 1995 भएको र छोरीको नेपाली नागरिकता प्रमाण पत्रमा बिन्दिया तिलिजा पुन र जन्ममिति सन् 28 Nov 1995 भएकोले उल्लेखित दुवै नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध छ भनी कास्की जिल्ला पोखरा महानगरपालिका, ०१ नं वडा कार्यालयको च.नं. १६७६ मिति २०८०/२/१७ को सिफारिस पत्रबाट लेखी आएकोले पेन्सन प्रयोजनको लागि नियमानुसार लेखी आएकोले सोही व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला फेदीखोला गाउँपालिका वडा नं. १ निवासी भारतीय भू.पू. सैनिक नं. JC१३८५९२N का इन्द्र बहादुर गुरुङको छोरी पूर्ण कुमारी गुरुङको नागरिकता प्रमाणपत्रमा जन्ममिति १९७२/०८/२४, नामथर पूर्णकुमारी गुरुङ र बुबाको भारतीय पेन्सन अभिलेखमा जन्ममिति १९७८/०८/२४, नामथर गुप्त कुमारी गुरुङ उल्लेख भई फरक फरक अभिलेखमा जन्ममिति र नामथर फरक फरक भए पनि व्यक्ति भने फरक फरक नभई एउटै भएको व्यहोरा सम्बन्धित निकायमा प्रमाणित गरिदिनुहुन भनी उक्त गाउँपालिका १ नं. वडा कार्यालयको च.नं. १०८५, मिति २०८०/०२/११ तथा जिल्ला प्रहरी कार्यालय स्याङ्जाको च.नं. २९३९, मिति २०८०/०२/१७ को पत्रबाट सिफारिस साथ लेखीआएकोले सोही व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
२०५६/०३/१५ गते

स्व. ध्रुवराज लम्साल

स्वर्गारोहणः
२०८०/०२/०५ गते

माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लिमिटेडका शिक्षा उपसमिति सदस्य केशवराज लम्साल र शेयर सदस्य मन कुमारी लम्सालका सुपुत्र **ध्रुवराज लम्साल**को मिति २०८० जेठ ५ गते अल्पायुमा भएको असामयिक निधनले हामीलाई मर्माहत एवं स्तब्ध बनाएको छ। पीडादायी यस घडीमा स्वर्गीय ध्रुवराज लम्सालका पुजनीय माता/पिता लगायत शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं । साथै दिवंगत आत्माको चिरशान्ति र बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**पुष्पराज पराजुली**
**अध्यक्ष तथा**
**माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लि.**
**दमकलमार्ग पोखरा-८**